## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (जेसी)

# तथ्यमूलक पैरवीपत्र

प्रकाशकः

**इन्हुरेड इन्टरनेशनल**
पो. व. नं. १२६८४, काठमाडौं
एकान्तकुना रोड, भनीमण्डल, ललितपुर–४, नेपाल
फोन : ५५२००५४, फ्याक्स : ५५२००४२
E-mail: info@inhuredinternational.org
Web: www.inhuredinternational.org

सम्पादन : डा. गोपाल कृष्ण सिवाकोटी

कानुनी सल्लाहकार : अधिवक्ता विदुर प्रसाद अधिकारी

लेखन : श्रृजना पोखरेल

विशिष्ट योगदान : कृपा बस्न्यात
सुजन राई

सहकर्मी समूह : सुशिला लिम्बु
अनिता दाहाल

© सर्वाधिकार : इन्हुरेड इन्टरनेशनल

...... संस्करण : ५०० प्रति (२०७४)

ले-आउट/डिजाइन : ....................

आवरण : ...........................

मुद्रक : ..........................................

ISBN : 978-9937-..................

**आर्थिक सहयोग** : संयुक्त राज्य अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी/USAID)
**प्राविधिक सहयोग** : द एशिया फाउन्डेशन

---

USAID
अमेरिकी जनताबाट

The Asia Foundation

**प्रतिदाबी (Disclaimer)**: यो **"तथ्यमूलक पैरवीपत्र"** अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी) मार्फत् अमेरिकी जनताहरु र द एसिया फाउण्डेसन (TAF) को प्राविधिक सहयोगमा सञ्चालित (CM-GESI) परियोजनाका कारण सम्भव बनेको हो । यस तथ्यमूलक पैरवीपत्र भित्रका विषयबस्तु र सामग्री इन्हुरेड इन्टरनेशनल (INHURED) को एकल जिम्मेवारी हुन् र तिनले यूएसएआईडी वा अमेरिकी सरकार र द एसिया फाउण्डेसनको विचार प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।

# प्राक्कथन

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी/USAID) को आर्थिक सहयोग साथै द एसिया फाउन्डेशनको प्राविधिक सहयोगमा संचालित परियोजना नेपालमा व्यक्तिबाट व्यक्ति अवधारणाद्वारा द्वन्द्व न्यूनिकरण र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिहरु कार्यान्वयनमा सुधार (CM-GESI) अन्तर्गत संचालित विभिन्न क्रियाकलापमध्ये तथ्यमूलक पैरवीपत्रको उत्पादन एक महत्वपूर्ण कदम हो । परम्परागत रुपमा बहिष्करणमा पारिएका सीमान्तकृत महिला र दलित वर्गको सेवा र स्रोतमा पहुँच अत्यन्त न्यून रहेको तथा त्यससँग सम्बन्धित विभेद र आपराधिक क्रियाकलापबाट टाढा राख्ने राज्य पक्ष तथा गैर–राज्य पक्षले खेल्नु पर्ने भूमिकाको सन्दर्भमा उपलब्ध कानुनी व्यवस्था र तिनको प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यले यो तथ्यमूलक पैरवीपत्र जानकारी तथा प्रयोगको लागि उत्पादन गरिएको छ ।

यस तथ्यमूलक पैरवीपत्रको माध्यमबाट मूलतः जेसी परियोजना लागू गरिएका सम्बन्धित गाँउपालिका/ नगरपालिका तथा अन्य सरोकारवालाहरुलाई दैनिक जीवनमा जेसी नीति के–कस्ता रहेका छन् र तिनको प्रभावकारी कार्यान्वयन गर्न–गराउन कस्ता कदम चाल्नु पर्छ र पहुँच नभएमा तथा सूचनाको अभावमा पहुँचबाट विमुख उक्त समुदायलाई सहजिकरण गर्नु पर्ने दायित्वबोध समेत गराउने समेत यो तथ्यमूलक पैरवीपत्रको उद्देश्य रहेको छ ।

यो तथ्यमूलक पैरवीपत्रको विवरण, जानकारी र प्रयोगद्वारा लक्षित वर्ग र समुदायमा चेतना अभिवृद्धि हुने तथा सरोकारवाला निकायहरु थप सचेत, संवेदनशिल एंव जवाफदेही र जिम्मेवार हुन सहयोग पुग्ने हामीले अपेक्षा राखेका छौं । जेसी परियोजनाको यो सानो प्रयासले सीमान्तकृत महिला र दलित वर्गहरुलाई गरिएको विभेद र विमुखतालाई केही हदसम्म न्यूनिकरण गर्न अवश्य सहयोग पुऱ्याउने छ भन्ने हाम्रो पूर्ण विश्वास छ ।

यस तथ्यमूलक पैरवीपत्र निर्माणमा आर्थिक, प्राविधिक एंव विज्ञ सहयोग प्रदान गर्ने यूएसएआईडी, तथा प्राविधिक सहयोग प्रदान गर्ने द एसिया फाउन्डेशनप्रति हामी अत्यन्तै आभारी छौं ।

सकारात्मक सुझावको अपेक्षा सहित ।

धन्यवाद !

# विषय-सूची


| क्र.सं. | शीर्षक | पृष्ठ सङ्ख्या |
| --- | --- | --- |
| १. | जातीय भेदभाव तथा छुवाछूतको कसूर र सजाय सम्बन्धी व्यवस्था | १ |
| २. | घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ | ७ |
| ३. | नेपाल नागरिकता ऐन, २०६३ | १२ |
| ४. | मानव बेचबिखन विरुद्ध विशेष सन्देशहरु | १७ |
| ५. | भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, गुनासो सम्बन्धी व्यवस्था तथा समयसीमा तालिका | २४ |

# १. जातीय भेदभाव तथा छुवाछूतको कसूर र सजाय सम्बन्धी व्यवस्था[१]

## १.१ जातीय भेदभाव तथा छुवाछूत भनेको के हो ?

कसैले कसैलाई जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा फरक ढङ्गले व्यवहार गर्ने, हेप्ने तथा एक व्यक्तिको आस्थामाथि अर्को व्यक्तिले चोट पुग्ने व्यवहार गर्छ तथा ठूलो जात र सानो जात भनेर एकले अर्कालाई हेप्ने गर्छ भने त्यस्ता कार्यलाई जातीय भेदभाव तथा छुवाछूत भनिन्छ । कुनै पनि मानिस स्वतन्त्र भई जन्मने हुनाले सबै व्यक्ति समान हुन्छन् । कुनै पनि बहानामा कुनै पनि कारण देखाई कसैले कसैलाई हेप्ने, होच्याउने, गिज्याउने, सानो जात वा गरिब भनेर छुवाछूत गर्ने सबै कार्यहरु जातीय भेदभाव तथा छुवाछूत हुन् ।

## १.२ के जातीय भेदभाव तथा छुवाछूत सामाजिक अपराध हो ?

सबै मानिस जन्मदै स्वतन्त्र जन्मने हुनाले कसैले कसैलाई उसको जात, भाषा, संस्कृति, रंग आदिका कारण विभेद गर्ने तथा समाजमा तल्लो दर्जाको स्थान दिई कसैको प्रतिष्ठामाथि चोट पुऱ्याउँछ भने यसलाई सामाजिक अपराध भएको मानिन्छ । हाम्रो समाजमा परम्परादेखि जातीय भेदभाव एवं छुवाछूत भइरहेका कारण यस्ता कार्यलाई निरुत्साहित गर्न विभिन्न कानुन तथा नीति नियमहरु बनाइएका छन् । कसैले यस्ता कार्य गर्छ भने यो दण्डनीय हुन्छ र कानुनी कारवाही हुन्छ ।

## १.३ नेपालको संविधानले छुवाछूत तथा भेदभाव विरुद्ध के कस्तो व्यवस्था गरेको छ ?

नेपालको संविधान २०७२ ले निम्न लिखित व्यवस्था गरेको छ :

- कुनै पनि पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन ।
- कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन ।
- उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई

१ सबै सुचना तथा जानकारीहरु जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ मा आधारित छन् ।

न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार-प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन।

- जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन।

## १.४ जातीय भेदभाव तथा छुवाछूतको कसूर र सजायको सम्बन्धमा बनेको ऐनले के-कस्तो व्यवस्था गरेको छ?

जातीय भेदभाव तथा छुवाछूत सामाजिक अपराध भएकाले यस्ता क्रियाकलापलाई निरुत्साहित गर्न कानुन बनाइ लागू गरिएको छ। यस कानुनमा प्रत्येक व्यक्तिको अधिकार र मानवीय मर्यादामा समान हुने सिद्धान्तलाई आत्मसात् गर्दै प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज वा अन्य कुनै नाममा जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा छुवाछूत तथा भेदभाव गर्न नहुने व्यवस्था गरिएको छ। व्यक्तिको समानता, स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको संरक्षण गर्न तथा कुनै पनि स्थानमा गरिने छुवाछूत, बहिष्कार, प्रतिबन्ध, निष्काशन, अवहेलना वा त्यस्तै अन्य मानवता विरोधी भेदभावजन्य कार्य दण्डनीय हुनेछ। साथै त्यस्ता कार्यद्वारा कसैलाई पीडित बनाएको खण्डमा पीडित व्यक्तिलाई क्षतिपूर्तिको व्यवस्था गरी सर्वसाधारणबीच सुसम्बन्ध सुदृढ गर्नु यो कानुनको मुख्य उद्देश्य रहेको छ।

## १.५ यो कानुन कसलाई लागू हुन्छ ?

- यो ऐन नेपालभरी लागू हुनेछ अर्थात् नेपालभित्र बसोबास गर्ने कुनै पनि व्यक्तिले कसैलाई जातीय आधारमा भेदभाव गर्ने वा निच जात र उच्च जात भन्दै छुवाछूत गर्ने जो कोहीलाई कानुन बमोजिम कारवाही र दण्ड हुनेछ । यसको अलावा नेपाल बाहिर रहेका नेपालीहरुले कुनै नेपाली नागरिक विरुद्ध यस्ता भेदभाव गर्ने तथा छुवाछूत गरेको खण्डमा समेत यही कानुन अनुसार कारवाही हुनेछ।

## १.६ "सार्वजनिक समारोह" र "सार्वजनिक पद धारण गरेको व्यक्ति" भन्नाले केलाई बुझाउँछ ?

- सार्वजनिक रुपमा आयोजना गरिएको भोज-भतेर, पूजा-पाठ, यज्ञ, अनुष्ठान, जन्म, नामाकरण, विवाह, मृत्यु जस्ता जुनसुकै प्रकारका धार्मिक, सामाजिक वा सांस्कृतिक समारोहलाई बुझाउँछ।
- "सार्वजनिक पद धारण गरेको व्यक्ति" भन्नाले संविधान, अन्यप्रचलित कानुन वा सम्बन्धित निकाय वा अधिकारीको निर्णय वा आदेशबमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्यपालन गर्नुपर्ने वा दायित्व निर्वाह गर्नुपर्ने

पदमा बहाल रहेको व्यक्ति सम्झनुपर्छ र सो शब्दले सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेको पदाधिकारी वा कर्मचारी समेतलाई जनाउँछ ।

## १.७ जातीय भेदभाव तथा छुवाछूत सम्बन्धी के-कस्तो दण्ड/सजाय र जरीवानाको व्यवस्था गरेको छ ?

जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ मा कसैले कुनै व्यक्तिलाई जातीय आधारमा भेदभाव वा छुवाछूत गरेमा निम्न लिखित दण्ड सजायको व्यवस्था गरेको छ ।

| कसुर तथा अपराध | कानुनले व्यवस्था गरेको दण्ड/सजाय |
|---|---|
| • कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा जातीय भेदभाव वा छुवाछूत गरेमा<br>• सार्वजनिक वा निजी स्थानमा प्रवेश गर्न, उपस्थित हुन वा भाग लिन निषेध गर्ने वा कुनै किसिमले रोक, नियन्त्रण वा प्रतिबन्ध लगाएमा<br>• व्यक्तिगत वा सामूहिक रुपमा सार्वजनिक स्थान वा समारोहबाट निष्काशन, सामाजिक बहिष्कार वा कुनै प्रकारको भेदभाव गरेमा जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा सार्वजनिक सेवाको प्रयोग गर्न वा उपभोग गर्नबाट वञ्चित गरेमा<br>• जातीय छुवाछूत वा भेदभाव हुने कार्य गर्न कसैलाई भड्काउने, उक्साउने वा त्यस्तो कार्य गर्न दुरुत्साहन हुने कुनै कार्य गरेमा वा त्यस्तो कुनै क्रियाकलापमा जानी-जानी सहभागी भएमा<br>• जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा कुनै पनि पेशा वा व्यवसाय गर्न प्रतिबन्ध वा रोक लगाउने वा कुनै पनि व्यक्तिलाई कुनै पेशा वा व्यवसाय गर्न बाध्य पारेमा<br>• कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा कुनै धार्मिक कार्य गर्नबाट वञ्चित गरेमा वा गराएमा | • तीन महिनादेखि तीन वर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ । |

| | |
|---|---|
| • जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरण गर्नबाट रोक्न वा रोक लगाएमा<br>• कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण गर्ने गरी उत्पादन, बिक्री वा वितरण गर्न वा गराएमा<br>• जात वा जातिका आधारमा परिवारका कुनै सदस्यलाई बहिष्कार गर्ने, घरभित्र प्रवेश गर्न नदिने वा घर वा गाउँबाट निकाल्ने वा निस्कन बाध्य तुल्याउने कार्य गरे वा गराएमा<br>• प्रचलित कानुन बमोजिम उमेर पुगेका वर-वधुवाट मञ्जूर भएको अन्तरजातीय विवाह गर्नबाट कुनै पनि व्यक्तिलाई जात, जाति, वंश वा समुदायका आधारमा रोक लगाएमा, त्यस्तो विवाहबाट जन्मिएका सन्तानको न्वारान नगराउन वा भइसकेको विवाह विच्छेद गराउन कुनै किसिमले कर गरे वा गर्न लगाएमा<br>• श्रव्य-दृश्य सामग्री, लेख रचना, चित्र, आकार, कार्टुन, पोष्टर, पुस्तक वा साहित्यका प्रशारण, प्रकाशन वा प्रदर्शन गरेर वा अन्य कुनै तरिकाले कुनै जात, जाति वा उत्पत्तिका व्यक्तिको उच नीच दर्शाएमा<br>• जात, जातिका आधारमा हुने सामाजिक विभेदलाई न्यायोचित ठहऱ्याउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गरेमा,<br>• अपमानजनक शब्दको प्रयोग गर्ने वा आचरण, हाउभाउ वा व्यवहारबाट त्यस्तो सङ्केत गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले अभिवृद्धि गर्ने किसिमबाट उक्साउन वा प्रोत्साहन गरे वा गराएमा<br>• कसैले जात, जाति, वंश वा समुदायका आधारमा कुनै पनि व्यक्तिलाई कुनै प्रकारको श्रममा लगाउन इन्कार गर्ने वा श्रमबाट निष्काशन गर्ने वा पारिश्रमिकमा भेदभाव गरे वा गराएमा | • एक महिनादेखि एक वर्षसम्म कैद वा पाँचसय रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ। |

| | |
|---|---|
| • जातीय भेदभाव वा छुवाछूत गर्न मद्दत गर्ने, उक्साउने वा त्यस्तो कार्य गर्न प्रयत्न गरेमा | • मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुन्छ । |
| • सार्वजनिक पद धारण गरेका व्यक्तिले कसूर गरेमा | • मुख्य कसुरदारलाई हुने सजायमा पचास प्रतिशत थप सजाय हुन्छ । |
| • अनुसन्धान वा छानबिनको काममा कसैले बाधा विरोध गरेमा | • अनुसन्धान तथा छानबिन गर्ने अधिकारीको प्रतिवेदनको आधारमा अदालतले कसूरदारलाई हुने सजायको आधा सजाय गर्न सक्छ । |

## १.८ छुवाछूत तथा जातीय भेदभाव विरुद्ध उजुरी कहाँ, कसले र कसरी गर्ने ?

जातीय भेदभाव तथा छुवाछूत सम्बन्धी अपराध तथा कसुरमा :

- थाहा पाउने व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुर गर्ने ।
- कसूर वा अपराध नेपाल बाहिर गरेमा निज बसोबास गरेको वा प्रतिवादी (आरोपित) रहेको जिल्लाको नजिकको प्रहरी कार्यालयमा उजुर गर्ने ।
- प्राप्त भएको उजुरी सम्बन्धित प्रहरी कार्यालयले दर्ता नगरेमा वा आवश्यक कारबाही नगरेमा सम्बन्धित व्यक्तिले सो कुराको उजुरी तोकिएबमोजिम राष्ट्रिय दलित आयोग (फोन नं. ९७७-०१-५५३११४८, ईमेलः rambk.ndc2015@gmail.com) वा स्थानीय निकाय जस्तै कुनै गैर सरकारी संस्था, कानुनी परामर्श केन्द्रमा गर्ने ।
- प्राप्त उजुरी राष्ट्रिय दलित आयोग वा स्थानीय निकायले सम्बन्धित प्रहरी कार्यालयमा तोकिएबमोजिम लेखी पठाउने ।
- लेखी आएमा सम्बन्धित प्रहरी कार्यालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो उजुरी उपर आवश्यक कारबाही अगाडि बढाउनु पर्ने ।

## १.९ मुद्दाको अनुसन्धान गर्न कसको सहयोग लिन सकिन्छ ?

- मुद्दाको अअनुसन्धान गर्दा अनुसन्धान गर्ने अधिकारीले आवश्यकता अनुसार दलित समुदाय लगायत जातीय भेदभाव वा छुवाछूतबाट पीडित व्यक्तिको हक अधिकार वा उत्थान सम्बन्धी कार्यमा संलग्न रहेका स्थानीय अगुवा, नागरिक समाज वा संघ संस्थाका प्रतिनिधिको सहयोग लिन सक्नेछ ।

### १.१० यस्ता घटनामा पीडितले के-कति क्षतिपूर्ति पाउने व्यवस्था गरेको छ ?

- कसैले कसूर गरेको ठहरिएमा, अदालतले कसूरदारबाट पीडितलाई पच्चीस हजार रुपयाँदेखि एक लाख रुपैयाँसम्म क्षतिपूर्ति भराइदिन सक्नेछ । यस बाहेक कसूरदारले पीडितलाई कुनै हानि नोक्सानी पुऱ्याएको रहेछ भने अदालतले सोको प्रकृतिको आधारमा उपचार खर्च वा थप हानि-नोक्सानीको रकम कसूरदारबाट पीडितलाई भराउने आदेश दिन सक्नेछ ।

### १.११ छुवाछूत तथा जातीय विभेदका सम्बन्धमा थप अन्य व्यवस्था के-के गरिएको छ ?

- कसूर भए गरेको मितिले तीन महिनाभित्र मुद्दा दायर गर्नु पर्नेछ ।
- मुद्दा सरकारवादी हुनेछ अर्थात सरकारले पीडितको पक्षमा निःशुल्क मुद्दा लडिदिनेछ ।
- मुद्दाको कारवाही र किनारा गर्दा संक्षिप्त कार्यविधि (प्रक्रिया) अपनाइने छ ।
- यस्ता मुद्दामा अनुसन्धान तथा छानबिनको कार्यमा सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुन्छ ।

# २. घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६

## २.१ घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को व्यवस्था किन गरिएको हो ?

प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवारभित्र वा घर परिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न आवश्यक भएकोले, घरेलु हिंसा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न यस ऐन बनेको हो ।

## २.२ यस ऐनले घरेलु हिंसालाई कसरी व्याख्या गरेको छ ?

"घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना हो । "घरेलु सम्बन्ध" भन्नाले वंशज, विवाह वा धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रुपमा एकै परिवारमा बसेका व्यक्तिहरुका बीचमा भएको सम्बन्ध सम्झनु पर्छ र सो शब्दले सँगै बसेका जोडी वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नीको सम्बन्ध समेतलाई जनाउँछ ।

## २.३ "शारीरिक यातना" के हो ?

कुटपिट गर्ने, गैर कानुनी थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने, तेजाव वा त्यस्तै प्रकारका अन्य पदार्थ छर्किइ वा सो पदार्थले पोली, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीर अंगभंग पारिदिने वा यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य सम्झनु पर्छ ।

## २.४ "मानसिक यातना" के हो ?

शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलोज गर्ने, झुट्टा बात लगाउने, घरबाट निकाला गर्ने, वैचारिक, धार्मिक, साँस्कृतिक, प्रथा, परम्पराका आधारमा भेदभाव गर्ने, रुप, रंग, शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा अपमानित गर्ने, मानसिक सन्तुलन गुमाउने, आत्महत्या गर्न प्रोत्साहन दिने वा आत्महत्या गर्ने परिस्थिति खडा गर्ने हदसम्मको कार्य सम्झनु पर्छ र सो शब्दले मानसिक तथा भावनात्मक चोट पुग्नसक्ने अन्य कुनै काम समेतलाई जनाउँछ ।

## २.५ "यौनजन्य यातना" के हो ?

यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य सम्झनु पर्छ ।

## २.६ "आर्थिक यातना" भन्नाले के लाई बुझाउँछ?

"आर्थिक यातना" भन्नाले सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत र साधनको पहुँच वा प्रयोगमा वञ्चित गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले महिलाको हकमा दाइजो माग गर्ने, दाइजो ल्याउन दवाव दिने वा दाइजो नल्याएको कारणबाट घृणा, हेला वा तिरस्कार समेतलाई जनाउँछ ।

## २.७ "पीडित" र "पीडक"भन्नाले कसलाई बुझाउँछ?

"पीडित" भन्नाले पीडकसँग घरेलु सम्बन्ध भई निजद्वारा गरिएको घरेलु हिंसाबाट पीडित भनी दावी गर्ने व्यक्ति सम्झनु पर्छ त्यसैगरि "पीडक" भन्नाले पीडितसँग घरेलु सम्बन्ध भई निजविरुद्ध घरेलु हिंसा गरेको भनी पीडितले दावी गरेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले घरेलु हिंसा गर्ने कार्यमा संलग्न रहेको अन्य व्यक्ति वा मतियारलाई समेत जनाउँछ ।

## २.८ घरेलु हिंसाको कार्य भैरहेको वा हुन लागेको थाहा पाएमा के गर्ने ?

- घरेलु हिंसा भएको, भईरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानीय तह समक्ष लिखित वा मौखिक उजुरी दिने ।
- उजुरी लिखित रुपमा प्राप्त भएकोमा तुरुन्त र मौखिक रुपमा प्राप्त भएकोमा सो सम्बन्धी आवश्यक विवरण लेखी, लेखाई उजुरीकर्ताको सहीछाप गराई दर्ता गर्नु पर्नेछ ।
- कसूरमा भए गरेको मितिले नब्बे दिनभित्र उजुरी दिनु पर्नेछ ।
- प्रहरी कार्यालयमा उजुरी दर्ता भएमा प्रहरी कार्यालयले बाटोको म्याद बाहेक चौबिस घण्टाभित्र पीडकलाई झिकाई र अटेर गरे पक्राउ गरी तुरुन्त बयान गराउनु पर्नेछ ।
- स्थानीय तहका गाउँपालिका तथा नगरपालिकाका प्रहरी चौकीमा उजुरी दर्ता भएको मा बाटोको म्याद बाहेक चौबिस घण्टाभित्र पीडकलाई झिकाई तथा अटेर गरेमा प्रहरीको सहयोग लिई पक्राउ गरी तुरुन्त बयान गराउनु पर्नेछ ।
- घरेलु हिंसाको कारण पीडितलाई कुनै शारीरिक चोटपटक वा मानसिक यातना पुगेको देखिएमा तत्काल उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पठाई निजको उपचार र जाँच गराउनु पर्नेछ र उक्त जाँच प्रतिवेदनको एक प्रति प्रहरी कार्यालयमा पठाउनु पर्नेछ ।
- उजुरीको प्रारम्भिक रुपमा छानविन गर्दा पीडित र निजसँग आश्रित व्यक्तिलाई

सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा प्रहरी कार्यालयको सहयोग लिई तत्काल सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ ।

- बयान समेतबाट घरेलु हिंसा भएको देखिएमा र पीडितले चाहेमा प्रहरी कार्यालय र स्थानीय निकायले उजुरी परेको मितिले तीस दिनभित्र दुवै पक्षबीच मेलमिलाप गराइदिनु पर्नेछ । तर घटना जघन्य जस्तै हत्या, बलात्कार, आदि भएमा मेलमिलाप गराउनु हुँदैन । मेलमिलाप गराउँदा आवश्यकता अनुसार र उपलब्ध भएसम्म मनोचिकित्सक, समाजशास्त्री, समाजसेवी, पीडितले पत्याएको परिवारको सदस्य र अन्य साक्षी समेतको सहयोग लिन सकिनेछ । यसरी मेलमिलाप गराउँदा पीडितलाई पर्न सक्ने मनोवैज्ञानिक तथा सामाजिक प्रभाव र गोपनीयताको अधिकार समेतलाई ध्यानमा राख्नु पर्नेछ ।
- पीडकलाई बोलाएको बेला उपस्थित नभएमा वा उपस्थित गराउन नसकिएमा वा पक्षहरुबीच मेलमिलाप हुन नसकेमा प्रहरी कार्यालय वा स्थानीय निकायले उजुरीकर्ताको सहमति भएमा म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र सोही व्यहोरा उल्लेख गरी उजुरी र सोसँग सम्बन्धित कागजपत्र र प्रमाण अदालत समक्ष पठाइदिनु पर्नेछ ।

## २.९ अन्तरिम संरक्षणको व्यवस्था कस्तो छ ?

उजुरीको प्रारम्भिक छानबिनबाट पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखिएमा अदालतले उजुरीको अन्तिम निर्णय नभएसम्मको लागि पीडकका नाममा देहाय बमोजिम गर्न आदेश दिन सक्नेछ :-

- पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,
- पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उचित उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन,
- पीडक र पीडितलाई एकै ठाउँमा बसोबास गर्न उपयुक्त हुने नदेखिएमा पीडितलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग बस्दा पीडितको भरण पोषणको लागि आवश्यक व्यवस्था गर्न,
- गाली बेइज्जती गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने काम नगर्न वा नगराउन,
- पीडित छुट्टै बसेको ठाउँमा वा बाटोघाटोमा वा कार्यालयमा गई वा कुनै किसिमको सञ्चार माध्यमद्वारा वा अन्य कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न,
- पीडितको हित र सुरक्षाको निमित्त अन्य आवश्यक र उपयुक्त कुरा गर्न गराउन ।

उजुरीको प्रारम्भिक छानबिनबाट पीडितको अतिरिक्त निजका नावालक सन्तान वा निजसँग आश्रित कुनै व्यक्तिलाई संरक्षण दिन आवश्यक देखिएमा ।

### २.१० मुद्दाको कारबाहीको सिलसिलामा व्यवस्था कस्तो छ ?

- पीडितले चाहेमा अन्य कानुन व्यवसायी राख्न सक्नेछ साथै पीडितले अनुरोध गरेमा यस ऐन अन्तर्गतको उजुरी सम्बन्धी कारबाही र सुनुवाइ अदालतले बन्द इजलासमा गर्नु पर्नेछ ।
- बन्द इजलासमा कारवाही र सुनुवाइ हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरुका कानुन व्यवसायी र अदालतले अनुमति दिएका व्यक्ति मात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन् ।

### २.११ खर्च र क्षतिपूर्ति र सुरक्षाको व्यवस्था कस्तो छ ?

- घरेल हिंसाबाट पीडित व्यक्तिलाई तत्काल तथा अस्पतालमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकले व्यहोर्नु पर्नेछ र कुनै कारणले पीडकले त्यस्तो खर्च तत्काल उपलब्ध गराउन नसक्ने भएमा सम्बन्धित महिला तथा बालबालिका कार्यालयले तत्काल त्यस्तो खर्च उपलब्ध गराई सो कार्यालयले त्यस्तो रकम पीडकबाट असूल गर्नु वा गराउनु पर्नेछ ।
- पीडित व्यक्तिलाई घरेलु हिंसाको प्रकृति, मात्रा, पीडितलाई पुगेको पीडा र पीडक तथा पीडितको आर्थिक तथा सामाजिक हैसियत समेतलाई विचार गरी अदालतले पीडकबाट मनासिव माफिकको क्षतिपूर्ति भराइदिन सक्नेछ ।
- पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्थाको लागि नेपाल सरकारले आवश्यकता अनुसार सेवा केन्द्रको स्थापना गर्न सक्नेछ । कुनै संस्थाले तोकिए बमोजिम स्वीकृति लिई सेवा केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ ।
- पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न सञ्चालन भएको सेवा केन्द्रको कोषबाट आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सकिनेछ ।
- सेवा केन्द्रले आवश्यकता अनुसार पीडितलाई कानुनी सहायता, मनोविमर्श सेवा, मनोवैज्ञानिक सेवा र आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ ।

### २.१२ सेवा केन्द्रको व्यवस्थापन र सञ्चालन कसरी हुन्छ ?

- सेवा केन्द्र सञ्चालन गर्नको लागि नेपाल सरकारले एक सेवा कोष स्थापना गर्नेछ जसमा नेपाल सरकारबाट प्राप्त रकम, कुनै स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम, अन्य स्रोतबाट प्राप्त रकम हुनेछ ।

- सेवा केन्द्रको व्यवस्थापन र सञ्चालनका लागी प्रत्येक जिल्लामा उपलब्ध भएसम्म महिला कर्मचारीलाई संरक्षण अधिकृतको व्यवस्था हुनेछ ।
- पीडितको अनुरोधमा जिल्ला कानुनी सहायता समिति मार्फत निःशुल्क कानुनी सहायता उपलब्ध गराउनेछ ।

**२.१३ सजाय सम्वन्धी व्यवस्था कस्तो छ ? :**

- कसैले अङ्गभङ्ग गरी वा तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किइ वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराई वा अनुहार वा शरीर अंगभंग पारिदिने गरी शारीरिक यातना वा यौनजन्य यातना सम्बन्धी घरेलु हिंसाको कसूर गरेमा त्यस्तो व्यक्तिलाई प्रचलित कानुन बमोजिम सजाय हुनेछ ।
- अन्य प्रकृतिको घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।
- घरेलु हिंसा गर्ने, गराउन प्रोत्साहन गर्ने वा अन्ध सर्मथन गर्नेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।
- घरेलु हिंसाको कसूरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा पटकै पिच्छे दोब्बर सजाय हुनेछ ।
- सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले आफ्नो पत्नी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, नावालक वा गर्भवती महिला विरुद्ध यस ऐन बमोजिमको कसूर गरेमा निजलाई थप दश प्रतिशत सजाय हुनेछ ।
- अदालतबाट दिएको आदेश पालन नगरेमा त्यस्तो व्यक्तिलाई दुई हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना वा चार महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

# ३. नेपाल नागरिकता ऐन, २०६३

नेपाल संविधान २०७२ ले नेपाल सिमानाभित्र रहेका नागरिकलाई नागरिकता प्राप्त गर्न सक्ने, साथै कुनै पनि नागरिकलाई नागरिकता सम्बन्धि अधिकारबाट वञ्चित नगराइने सुनिश्चित गरेको छ । संविधान बाहेक नेपालको नागरिकता सम्बन्धि व्यवस्था, नेपाल नागरिकता ऐन, निर्देशिका, नियमावली (२०६३) द्वारा संचालित भएको छ ।

आम जनताहरु नागरिकता सम्बन्धि नयाँ संविधानमा भएका प्रावधान बारेमा सचेत छन् तर आमाको नामबाट लिइने नागरिकता र विदेशी बाबुबाट जन्मिएको सन्तानको हकमा नागरिकता प्राप्तिका लागि के–कस्ता प्रक्रियाहरु पूरा गर्नु पर्छ भन्ने कुरामा अहिले पनि अनभिज्ञ छन् ।

### ३.१ हाल देखिएका र भोगिरहेका समस्या र चुनौतीहरु के-के हुन ?

- नेपालको नवघोषित संविधान २०७२ धेरै अर्थमा प्रगतिशिल मानिन्छ यद्यपि यसमा व्याप्त विभेदपूर्ण व्यवस्थाहरुले गर्दा आमाको नामबाट सन्तानहरुले नागरिकता पाउने अवसर निकै कठिन र लगभग असम्भव देखिन्छ । नव प्रतिपादित नेपाल संविधान २०७२ धेरै मानेमा प्रगतिशिल भएतापनि नागरिकता सम्बन्धि ऐन, निर्देशिका तथा नियमावली (२०६३) समय सापेक्ष छैन ।
- नेपाल नागरिकता ऐन, २०६३ संविधान भन्दा लगभग एक दशक अगाडि जारी भएको कारणले गर्दा नवघोषित संविधानसगँ बाझिन गएको अवस्था छ । तसर्थ यस ऐनलाई संशोधन गरि लागू गर्नुपर्ने चुनौति छ ।
- संविधान अनुरुप लागू हुनु पर्ने नागरिकता सम्बन्धि ऐन, निर्देशिका र नियमावलीको कार्यविधीमा अन्योलता छ । व्यवहारिक पक्षमा राज्यका सरोकारवालाहरुको सेवाग्राही प्रतिको मानसिकता र दृष्टिकोण विभेदपूर्ण छ ।
- राज्यले सुनिश्चित गरेका अधिकारहरु प्राप्तिका लागि घरेलु तहमा व्यक्तिहरु उत्तर दायि नभएका कारणले गर्दा पनि सजिलै सँग नागरिकता हाँसिल गर्ने अवस्था पनि जटिल बनेको छ ।

### ३.२ यहाँले कस्तो अवस्थामा वंशज नागरिकता पाउन सक्नु हुन्छ ?

- सोह्र वर्ष उमेर पूरा भएको, जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक भएको अवस्थामा ।
- नेपाल सिमानाभित्र फेला परेको पितृत्व मातृत्वको ठेगाना नभएको प्रत्येक नाबालक बाबु वा आमाको पत्ता नलागेसम्म नेपालको नागरिक मानिने छ ।

- सम्वत् २०४६ साल चैत्र मसान्तसम्म नेपाल सिमानाभित्र जन्म भई नेपालमा स्थायी रुपले बसोबास गर्दै आएको व्यक्ति जन्मको आधारमा नेपालको नागरिक हुने । समयावधिभित्र विशेष कारणवश निवेदन दिन नसक्ने व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले दुई वर्षभित्र तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

## ३.३ यहाँले कस्तो अवस्थामा अङ्गीकृत नागरिकता पाउन सक्नु हुन्छ ?

- नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले अङ्गीकृत नागरिकता प्राप्त गर्न चाहेमा निवेदन दिँदा नेपाली नागरिकसँग भएको वैवाहिक सम्बन्धको र आफूले विदेशी नागरिकता त्याग्ने कारवाही चलाएको निस्सा पनि साथै पेश गर्नु पर्नेछ।
- विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका छोराछोरीको हकमा निजको नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता नलिएको भए निजले अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ ।
- देहायका शर्त र अवस्था पूरा गरिसकेका विदेशी नागरिकमध्ये विज्ञान, दर्शनशास्त्र, कला, साहित्य, विश्वशान्ति, मानव कल्याण वा नेपालको औद्योगिक, आर्थिक वा सामाजिक उन्नतिमा विशेष योगदान पुऱ्याएको वा पुऱ्याउन सक्ने आधारमा नेपाल सरकारले ठहऱ्याएको व्यक्तिले अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ ।
- नेपाली वा नेपालमा प्रचलित अन्य कुनै भाषा बोल्न र लेख्न जानेका, नेपालमा कुनै व्यवसाय गरी बसेका, अन्य मुलुकको नागरिकता त्यागेको वा त्याग्ने घोषणा गरेको व्यक्तिले अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ ।
- कम्तीमा पन्ध्र वर्षसम्म नेपालमा बसोबास गरेको व्यक्तिले अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ ।

## ३.४ अङ्गीकृत नागरिकता प्राप्तिका लागि यहाँले के कस्ता दस्तावेजहरु संलग्न गर्नुपर्ने हन्छ?

- आमाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- नेपालमा जन्म भई स्थायी बसोबास गरेको व्यहोरा खुल्ने सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सिफारिस,
- बाबुको नागरिकताको आधारमा कुनै विदेशी मुलुकको नागरिकता नलिएको निस्सा (कागजात) ।

### ३.५ वंशज नागरिकता प्राप्तिको लागि यहाँले के-कस्ता दस्तावेजहरु संलग्न गर्नुपर्ने हन्छ?

- सोह्र वर्ष उमेर पूरा भएको प्रमाण ।
- बाबु वा आमा वा आफ्नो वंशतर्फका तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र, तर विदेशी नागरिकसँग विवाह गरेको नेपाली नागरिक महिलाको हकमा यो व्यवस्था लागू हुँदैन ।
- जन्मस्थान र नाता खुल्ने गरी गाउँपालिका वा नगरपालिकाले गरिदिएको सिफारिस ।

### ३.६ प्रमाणहरु निवेदन साथ पेश गर्न नसकेको अवस्थामा के हुन्छ ?

- तोकिएको अधिकारीले स्थलगत सर्जमिन र निवेदकलाई चिन्ने सोही वडामा बसोबास गर्ने कम्तीमा तीनजना नेपाली नागरिकताको प्रमाणपत्र लिइसकेका व्यक्तिले सर्जमिनस्थलमै गरेको सनाखतको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन सक्नेछ । स्थलगत सर्जमिन गर्दा निवेदक नेपालमा जन्म भई निरन्तर रुपमा स्थायी बसोबास भएको तथ्य स्पष्ट रुपमा उल्लेख भएको हुनु पर्नेछ ।
- छानविन गर्दा कुनै निवेदक नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य नदेखिएमा तोकिएको अवधिभित्र सोही व्यहोराको निर्णय गरी निजलाई सोको जानकारी सम्बन्धित अधिकारीले दिनु पर्नेछ ।

### ३.७ कस्तो अवस्थामा नेपाली नागरिकता कायम रहने छैन?

- आफूखुशी कुनै विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि नेपाली नागरिकता कायम रहने छैन ।
- नेपाली नागरिकले नेपालको नागरिकता त्याग्न तोकिए बमोजिम सूचना गरेपछि तोकिएको अधिकारीले त्यस्तो सूचना दर्ता गर्नेछ र त्यसरी दर्ता गरिएको मितिदेखि निजको नेपाली नागरिकता कायम रहने छैन ।
- एकैसाथ नेपालको र विदेशी मुलुकको नागरिकता प्राप्त हुने अवस्था भएमा त्यस्तो व्यक्तिले सोह्र वर्ष उमेर पुगेको दुई वर्षभित्र कुनै एक मुलुकको नागरिकता रोज्नु पर्नेछ । त्यसरी नागरिकता नरोजेको अवस्थामा सो म्याद नाघेपछि निजको नेपाली नागरिकता कायम रहने छैन ।
- नेपालको नागरिकले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको छ वा छैन भन्ने प्रश्न उठेमा तोकिएको अधिकारीले प्रचलित कानुन बमोजिम निर्णय गर्नेछ ।

### ३.८ कस्तो अवस्थामा पुनः नेपाली नागरिकता कायम हुन्छ ?

- कुनै नेपाली नागरिकले विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि पुनः नेपालमा आई बसोबास गरेको र विदेशी मुलुकको नागरिकता त्यागेको निस्सा दर्ता भएको मितिदेखि निजको नेपाली नागरिकता पुनः कायम हुनेछ ।

### ३.९ कस्तो अवस्थामा नेपाली नागरिकताको प्रमाणपत्र रद्द हुने र पुनरावेदन लाग्नेछ ?

- झुठो विवरण दिई नेपाली नागरिकताको प्रमाणपत्र लिएको प्रमाणित हुन आएमा ।
- दोहोरो नागरिकताको प्रमाणपत्र लिएको प्रमाणित हुन आएमा ।
- नेपाल सरकारले कुनै व्यक्तिलाई नेपालको नागरिकताबाट हटाउने गरी दिएको आदेश उपर पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन लाग्न सक्नेछ ।

### ३.१० नागरिकतामा भएको विवरण सच्याउन के गर्नु पर्ने हुन्छ?

- कुनै व्यक्तिले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लेखित विवरण सच्याउन चाहेमा आवश्यक प्रमाणसहित तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।
- विवाह वा सम्बन्धविच्छेद भएको महिलाले थर, वतन वा अन्य विवरण संशोधन गर्न निवेदन दिएमा तोकिएको अधिकारीले आवश्यक कुरा बुझि पहिले लिएको नागरिकताको प्रमाणपत्र खिचि थर, वतन वा विवरण संशोधन गरी अर्को नागरिकताको प्रमाणपत्र दिन सक्नेछन् ।

### ३.११ दण्ड सजायको व्यवस्था के-कस्तो छ ?

- कुनै विदेशीले नेपाली नागरिक भएको दावी गरी झुठो विवरण दिई नेपाली नागरिकता प्राप्त गरेमा एक वर्षदेखि पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । झुठो विवरण दिई प्राप्त गरेको नागरिकता स्वतः रद्द हुन्छ ।
- कुनै विदेशीलाई झुठो विवरणका आधारमा नागरिकता दिलाउने कार्यमा सनाखत वा सिफारिस गर्ने व्यक्तिलाई छ महिनादेखि तीन वर्षसम्म कैद वा पच्चिस हजारदेखि पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।
- नेपाली नागरिकताको झुठो वा किर्ते कार्य गर्ने, गराउने व्यक्तिलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद वा बीस हजारदेखि एकलाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।

- सक्कल नागरिकताको प्रमाणपत्रमा भएको विवरणमा आफूखुशी थपघट गरेमा वा सच्याएमा त्यस्तो कार्य गर्ने, गराउने व्यक्तिलाई तीन महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।
- झुठो विवरण दिई नागरिकताको प्रमाणपत्र प्राप्त गरेमा वा सच्याइएको विवरण झुठो प्रमाणित भएमा कसूर गर्ने गराउने व्यक्तिलाई पन्ध्र हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।
- नेपाली नागरिकताको प्रमाणपत्र दिने अधिकारीले जानी-जानी वा बदनियत राखी, नियम विपरित हुने गरी नागरिकताको प्रमाणपत्र दिएमा वा नागरिकताको प्रमाणपत्रको विवरण सच्याएमा त्यस्तो पदाधिकारी वा कर्मचारी उपर प्रचलित कानुन बमोजिम विभागीय कारवाही हुन्छ । साथै कसूर गर्न उद्योग गर्ने वा मद्दत गर्ने व्यक्तिलाई तोकिएको सजायको आधा सजाय हुन्छ ।

### ३.१२ अन्य

- नेपाल सरकारले अन्तर्राष्ट्रिय ख्यातिप्राप्त व्यक्तिलाई सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सक्नेछ ।
- नेपाल भित्र गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा, त्यस क्षेत्रभित्रको व्यक्तिलाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सूचनामा तोकेको मितिदेखि नेपालको नागरिक मानिनेछ ।
- यो ऐनको आदेशबाट मर्का पर्ने व्यक्तिले त्यस्तो आदेशउपर दोहोऱ्याई हेरियोस् भनी आदेश भएको पैंतीस दिनभित्र नेपाल सरकारसमक्ष निवेदन गर्न सक्नेछ । निवेदन प्राप्त भएपछि आदेश दिने अधिकारीसँग प्रतिवेदन लिई सो प्रतिवेदन समेतको विचार गरी नेपाल सरकारले आफ्नो निर्णय वा आदेश दिन सक्नेछ र सो निर्णय वा आदेश अन्तिम हुन्छ ।
- नेपाल सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार नेपाल सरकारको कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ । तर, नेपाली नागरिकबाट हटाउने अधिकार प्रत्यायोजन हुने छैन ।
- नेपाली नागरिकताबाट हटाइएका व्यक्तिहरुको नामावली प्रत्येक वर्ष नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।
- नेपाल सरकारले आवश्यक देखेमा नागरिकताको प्रमाणपत्र वितरण गर्नका लागि नागरिकता प्रमाणपत्र वितरण टोली खटाउन सक्छ ।

# ४. मानव बेचबिखन विरुद्ध विशेष सन्देशहरु

## ४.१ के तपाईलाई थाहा छ ?

मानव बेचबिखन तथा ओसार-पसार भन्नाले कसैले कुनै पनि मानिसलाई बिक्री गर्ने उद्देश्यले ललाई-फकाई प्रलोभनमा पारी, झुक्याई, डर, त्रास वा बल प्रयोग गरी वा नगरी बिक्री गर्ने उद्देश्यले देशभित्र वा बाहिर एक ठाउँबाट अर्को ठाउँमा लैजाने वा लगी बिक्री गर्ने तथा अन्य कुनै तरिकाले देह व्यापारमा लगाउने कार्यलाई जनाउँछ । मानिस कसैको ललाई-फकाईमा परेर, ठगिएर, जबरजस्ती वा वाध्यतामा परेर तोकिएको भन्दा कम ज्यालामा वा पहिले सर्त गरिएको भन्दा कठिन वा असहज किसिमको कामको लागि एक ठाउँबाट अर्को ठाउँमा ओसार-पसार गरिनु मानव बेचबिखन हो । बेचबिखनमा परेका मानिसहरू आफ्नो गाउँ वा देश छोडी अर्को ठाउँ वा देशमा अस्थायी वा स्थायी रूपमा बसोबास गर्ने भएकोले यो असुरक्षित बसाइँसराइ भित्र पर्दछ ।

मानव बेचबिखन ओसारपसार तथा नियन्त्रण ऐन २०६४ ले मानव बेचविखनलाई जघन्य अपराध मानी यसलाई दण्डनिय अपराधको रुपमा परिभाषित गरेको छ । पीडितहरूको हितलाई ध्यानमा राखेर कानुनी सुरक्षा, पुनर्स्थापना, पुनःएकिकरण, साक्षीको सुरक्षा, क्षतिपूर्ति लगायत अन्य महत्वपूर्ण व्यवस्था यस कानुनमा गरिएको छ । यस ऐनले मानव बेचविखनको परिभाषाको दायरा फराकिलो पारेर यसको क्षेत्राधिकार पनि बढाएको छ । कुनै नागरिक विदेशमा बेचिएको वा अलपत्र परेको अवस्था रहेछ भन्ने उनीहरुको उद्धार गर्ने जिम्मेवारी राज्य हुन्छ ।

## ४.२. हाल देखिएका र भोगिरहेका समस्या र चुनौतीहरु के-के हुन ?

- पीडित र परिवारमाथि लाल्छनाको कारण प्राय मुद्दाहरु दर्ता नभएको ।
- स्थानीय सरोकारवालाहरु स्थानीयस्तरमा निर्माण भएका संचार व्यवस्थाको बारेमा अनभिज्ञ रहेको ।
- बेचबिखनमा परेका व्यक्तिहरुको सशक्तिकरणका लागि निर्धारित बजेट अन्य काममा लगाइएको ।
- २०७२ सालको भूकम्पपश्चात् महिला तथा बालबालिकाहरुको बेचबिखनका घटनाहरुमा तीब्रता पाउँदा पनि यसको न्यूनीकरणका लागि सम्बन्धित पक्षले समयमै ध्यान पुऱ्याउन नसकेको ।
- सम्बन्धित सरकारी कर्मचारीहरुलाई यस विषयमा विशेष जानकारी नभएका कारण समेत पीडितले आवश्यकता अनुसार राहत तथा न्याय प्राप्त गर्न नसकेको ।

## ४.३ यस्ता घटना घटेमा के गर्ने?

- कसूर गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुर गर्ने ।
- उजुर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राखिदिन लिखित अनुरोध गरेमा उजुर दर्ता गर्ने प्रहरी कार्यालयले निजको नाम गोप्य राख्नु पर्नेछ ।
- उजुर पीडित आफैंले दिएमा प्रहरी कार्यालयले निजको तत्काल बयान गराई त्यस्तो बयान प्रमाणित गराउनको लागि निजलाई तुरुन्त नजिकको जिल्ला अदालतमा उपस्थित गराउनु पर्नेछ ।
- प्रहरी कार्यालयले बयान प्रमाणित गरिदिनु पर्नेछ ।
- बयान प्रमाणित भएको खण्डमा, त्यस्तो पीडित मुद्दाको कारवाहीको सिलसिलामा अदालतमा उपस्थित नभए पनि त्यसरी प्रमाणित गरिएको बयान अदालतले प्रमाणमा लिन सक्नेछ ।
- प्रहरी सहायक निरीक्षक स्तरको प्रहरी कर्मचारीले पर्चा खडा गरी जुनसुकै बखत त्यस्तो कार्य गर्ने व्यक्तिलाई बिना पक्राउ पूर्जी गिरफ्तार गर्न वा निजको खानतलासी लिन, पक्राउ गर्न सक्नेछ ।
- प्रहरी कर्मचारीले सम्भव भएसम्म स्थानीय तहका प्रतिनिधि समेत र सम्भव नभए त्यस समयमा उपस्थित व्यक्तिहरुको रोहबरमा मुचुल्का तयार गरी सोको प्रतिलिपि सम्बन्धित घर, जग्गा वा सवारी साधन धनीलाई दिनु पर्नेछ ।
- अभियुक्तलाई थुनामा राखी कारबाही गर्नु पर्नेछ ।
- अभियोग लागेकोमा सो कसूर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुऱ्याउनु पर्नेछ ।
- कारवाहीको सिलसिलामा पीडितले चाहेमा अन्य कानुन व्यवसायी राख्न सक्नेछ ।
- पीडितले सम्बन्धित अड्डा अदालतको अनुमति लिइ दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्न सक्नेछ । त्यसरी दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्दा लागेको रकममध्ये तोकिए बमोजिमको रकम सम्बन्धित व्यक्तिको अनुरोधमा नेपाल सरकारले व्यहोर्नेछ ।

## ४.४ उद्धार, पुनर्स्थापना र मेलमिलाप गर्दा विचार पुऱ्याउनु पर्ने कुराहरु

- नेपाली नागरिक विदेशमा बेचिएको रहेछ भने निजको उद्धार गर्ने व्यवस्था नेपाल सरकारले गर्नेछ ।

- उद्धार गर्दा वा विदेशी मुलुकमा रहेको यस ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको न्यायिक कारवाहीमा नेपाल सरकारले प्रचलित कानुन अनुसार पारस्परिक कानुनी सहायता प्राप्त गर्नको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।
- नेपाल सरकारले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्नेछ ।
- कुनै संस्थाले तोकिए बमोजिम स्वीकृति लिई पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ र नेपाल सरकारले त्यस्तो संस्था तथा संस्थाद्वारा स्थापित पुनर्स्थापना केन्द्रको नियमित र प्रभावकारी अनुगमन गर्नेछ ।
- सञ्चालन भएको केन्द्रलाई नेपाल सरकारले तोकिदिए बमोजिम आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सक्नेछ । केन्द्रमा रहेको व्यक्तिलाई सामाजिक रुपमा पुनर्स्थापना र पारिवारिक पुनर्मिलन गराउने व्यवस्था केन्द्रले गर्नेछ ।
- केन्द्रले पीडितलाई आवश्यकता अनुसार औषधि उपचार र परामर्श सेवा तथा सुविधाको व्यवस्था गर्नु पर्नेछ ।
- पीडितलाई निजको इच्छा विपरीत कसैले कुनै काममा लगाउन हुँदैन ।
- मानव बेचबिखन ओसारपसार तथा नियन्त्रण ऐन २०६४ द्वारा केन्द्रको व्यवस्थापन, सञ्चालन मापदण्ड, अनुगमन, पीडितको लागि सीपमूलक तालिम तथा रोजगारी, पुनर्स्थापना, पारिवारिक पुनर्मिलन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।
- पुनर्स्थापना केन्द्र सञ्चालन गर्न तथा पीडितलाई कसूरदारबाट क्षतिपूर्ति उपलब्ध गराउनको लागि नेपाल सरकारले एक पुनर्स्थापना कोष स्थापना गर्नेछ ।

## ४.५ सजाय र क्षतिपुर्तिमा कस्तो प्रावधान छ ?

- मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रुपैयाँ जरिवाना ।
- कुनै प्रकारको फाइदा लिई वा नलिई देह व्यापारमा लगाउनेलाई कसूरको मात्रा अनुसार दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँ देखि एक लाख रुपैयाँसम्म जरिवाना ।
- अङ्ग झिक्नेलाई दश वर्ष कैद र दुई लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना ।
- देह व्यापार गर्नेलाई एक महिनादेखि तीन महिनासम्म कैद र दुई हजार रुपैयाँ देखि पाँच हजार रुपैयाँ सम्म जरिवाना ।
- किन्न, बेच्न वा देह व्यापारमा लगाउने उद्देश्यले मानिसलाई, विदेश लैजानेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँ देखि एक लाख रुपैयाँ सम्म

जरिवाना र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बीस वर्ष सम्म कैद र एक लाख रुपैयाँ देखि दुईलाख रुपैयाँसम्म जरिवाना, नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए दश वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रुपैयाँ जरिवाना ।

- शोषण गर्ने उद्देश्यले नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक वर्षदेखि दुई वर्षसम्म कैद र विदेश लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैद ।
- कसूर गर्न दुरुत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई वा सो कसूरको मतियारलाई सो कसूर गर्दा हुने सजायको आधा सजाय ।
- किन्ने वा बेच्ने व्यक्ति र कुनै प्रकारको फाइदा लिई वा नलिई देह व्यापारमा लगाउने वा कसूर गर्ने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचे बापत र कुनै प्रकारको फाइदा लिई वा नलिई देह व्यापारमा लगाए बापत छुट्टाछट्टै सजाय ।
- छुटाइ लैजाने र किन्ने, बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई देह व्यापारमा लगाउने उद्देश्यले विदेश वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजाने व्यक्ति एउटै भएमा त्यसरी छुटाइ लगेको र विदेश वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लगे बापत छुट्टाछुट्टै सजाय ।
- कसूर कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको भएमा निजलाई सो कसूर गरे बापत हुने सजायको अतिरिक्त सो सजायको पच्चीस प्रतिशत थप सजाय ।
- कसूर आफ्नो संरक्षणमा वा अभिभावकत्वमा रहेको वा मुलुकी ऐनको हाडनाता करणीको महल बमोजिम सजाय हुने व्यक्तिका सम्बन्धमा गरेको रहेछ भने निजलाई यस ऐनमा लेखिएको सजायको अतिरिक्त सो सजायको दश प्रतिशत थप सजाय ।
- कसैले कसूर पुनः गरेमा प्रत्येक पटक कसूर गरे बापत सो कसूर गरेमा हुने सजायको एक चौथाई थप सजाय ।
- मुद्दाको सोधखोजको सिलसिलामा, उजुर गर्ने व्यक्तिले बयान फेरेमा, तथ्य ढाँटेमा, नियतवस बयान परिवर्तन गरेमा, अदालतले बोलाएको समयमा उपस्थित नभएमा वा अदालतलाई सहयोग नगरेमा निजलाई तीन महिनादेखि एक वर्षसम्म कैद ।

## ४.६ सजाय नहुने :

- आफूलाई किन्न, बेच्न वा देह व्यापारमा लगाउन लागेको अवस्थामा सोबाट बच्न कुनै कार्य गर्दा जबरजस्ती गर्ने व्यक्तिको ज्यान गएमा वा निजलाई कुनै प्रकारको

चोटपटक लाग्न गएमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई कुनै प्रकारको सजाय नहुने गरी आत्मरक्षाको अधिकार दिएको छ ।

### ४.७ सजायको क्षतिपूर्ति :

- अदालतले अपराधीलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिव माफिकको क्षतिपूर्ति भराइदिनु पर्नेछ ।
- कसूरदारको न्यून आर्थिक हैसियत भएको वा अन्य कुनै कारणले कसूरदारबाट पीडितले क्षतिपूर्ति पाउन नसक्ने अवस्था देखिएमा अदालतले पुनर्स्थापना कोषबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराई दिने आदेश गर्न सक्नेछ ।
- क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम तोकिए बमोजिम निजको नाबालक छोराछोरीलाई र त्यस्ता छोराछोरी नभए निजमा आश्रित बाबुआमालाई दिइनेछ ।
- क्षतिपूर्तिको रकम पाउने पीडितको नाबालक छोराछोरी र आश्रित बाबुआमा नभएमा त्यस्तो रकम पुनर्स्थापन कोषमा जम्मा गर्नु पर्नेछ ।

### ४.८ बेचबिखनमा परिहालियो भने :

- उजुरी कहाँ गर्ने : नजिकको प्रहरी कार्यालयमा
- उजुरी कसले गर्ने : पीडित स्वंय वा थाहा पाउनेले
- उजुरी कसरी गर्ने : लिखित वा मौखिक
- उजुरी कहिले गर्ने : सकेसम्म छिटो (थाहा पाउने बित्तिकै)
- उजुरी किन गर्ने : व्यक्तिको मानव अधिकार संरक्षण गर्न र उद्धार गर्न
- प्रमाण कसले पुऱ्याउने : निर्दोष छु भन्ने प्रमाण दोषी स्वंयले पुऱ्याउनुपर्छ

### ४.९ मानव बेचबिखनबाट सुरक्षित हुन के-के उपायहरु अपनाउन सकिन्छ ?

- नचिनेको वा नयाँ मान्छेसँग अनावश्यक रूपमा नजिक हुने, कुरा खोल्ने काम नगर्ने ।
- चाहिनेभन्दा बढी नजिकिन खोज्नेसँग शंकाको दृष्टिले हेर्ने ।
- कसैले गोप्य कुरा राखेमा परिवारमा बताउने ।
- नचिनेको व्यक्तिले दिएको खानेकुरा नखाने ।
- विद्यालयमा वा जतातत‌ै बेचबिखनको विरुद्धमा छलफल चलाउने ।

- कसैले कहीँ जाउँ भनेमा केको लागि जाने, किन जाने, कति समय सम्मको लागि जाने भनेर जानकारी राख्ने, चनाखो हुने ।
- शंकास्पद दलाल (मध्यस्थको काम गरि नाफा वा कमिशन खाने व्यक्ति) सँग विशेष सतर्क हुने ।

### ४.१० विविध

- कसूरबाट कुनै चल-अचल सम्पत्ति प्राप्त गरेको रहेछ भने त्यस्तो सबै सम्पत्ति जफत हुनेछ ।
- कसूर मानिने कार्य गर्न वा गराउनको लागि आफ्नो घर, जग्गा वा सवारी साधन जानी-जानी प्रयोग गरेको वा प्रयोग गर्न दिएको प्रमाणित भएमा त्यस्तो घर, जग्गा वा सवारी साधन जफत हुनेछ ।
- कसूर मानिने कुनै कार्य गरेको वा गर्न लागेको छ भन्ने कुराको सूचना कसैले दिएको आधारमा कसैलाई उद्धार गरिएमा वा त्यस्तो कार्यमा संलग्न व्यक्ति पक्राउ परेमा त्यस्तो सूचना दिने व्यक्तिलाई जरिबानाको दश प्रतिशत बराबरको रकम पुरस्कार स्वरुप पुनर्स्थापना कोषबाट प्रदान गरिनेछ ।
- सूचना दिने सुराकीको नाम, ठेगाना र निजबाट प्राप्त सूचनाको विवरण गोप्य राख्नु पर्नेछ ।
- कसूर गरेको भनी अभियोग लागेको कुनै अभियुक्तले आफूले गरेको कसूर स्वीकार गरी सो कसूरका सम्बन्धमा प्रमाण जुटाउन, अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न प्रहरी, सरकारी वकिल वा अदालतलाई सघाउ पु¥याएको र निजले पहिलो पटक कसूर गरेको रहेछ भने त्यस्तो कसूरमा अदालतले सजाय तोक्दा निजलाई हुने सजायको बढीमा पच्चीस प्रतिशतसम्म सजाय छुट दिन सक्नेछ ।
- बालबालिका बेचबिखन वा ओसारपसार गरेकोमा मुख्य अभियुक्तलाई सजायको माग दावीमा छुट दिन सकिने छैन ।
- कसूर नियन्त्रण गर्ने तथा पीडितलाई पुनर्स्थापना गर्ने सम्बन्धी कार्यमा सरकारी निकाय तथा गैरसरकारी संस्थाबीच समन्वय समेत गर्नका लागि तोकिए बमोजिम नेपाल सरकारले एक राष्ट्रिय समिति र आवश्यकता अनुसार जिल्ला समिति गठन गर्न सक्नेछ ।
- कसूरको अनुसन्धान तथा तहकिकात सम्बन्धी काम कारवाहीमा बाधा विरोध गरेमा निजलाई दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

- कसैले पनि पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्वीर वा निजको चरित्रमा प्रतिकूल हुने कुनै विवरण पत्रपत्रिकामा छाप्न वा अन्य सञ्चार माध्यमबाट प्रचार प्रसार गर्न हुँदैन ।
- नाम, तस्वीर, विवरण छाप्ने वा प्रचार प्रसार गर्ने व्यक्तिलाई दश हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।
- उजुर गर्ने व्यक्तिले आफूले प्रहरीमा उजुर गरेको कारण वा अड्डा अदालतमा बयान वा साक्षीको रुपमा गरेको वकपत्र वा महिला मानव अधिकारको रक्षाको लागि खटिएका अधिकारकर्मीले पीडितलाई कुनै सहयोग उपलब्ध गराएको आधारमा कुनै प्रतिशोधात्मक कारवाहीमा पर्न सक्ने मनासिव कारण देखाई सुरक्षाको लागि नजिकको प्रहरी कार्यालयमा अनुरोध गरेमा त्यस्तो प्रहरी कार्यालयले निजलाई देहाय बमोजिमको कुनै वा सबै व्यवस्था गरिदिनु पर्नेछ ।
- मुद्दाको कारवाहीको सिलसिलामा अड्डा अदालत आउँदा-जाँदा सुरक्षा दिने, निश्चित अवधिसम्म प्रहरी सुरक्षामा राख्ने वा राख्न लगाउने वा पुनर्स्थापना केन्द्रमा राख्नु पर्नेछ ।
- नेपाल सरकारका तर्फबाट अदालतमा उपस्थित भएका साक्षीलाई राजपत्र अनंकित प्रथम श्रेणीका सरकारी कर्मचारीले प्रचलित कानुन बमोजिम पाए सरहको दैनिक तथा भ्रमण भत्ता सम्बन्धित सरकारी वकील कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।
- मुद्दाको कारवाही तथा सुनुवाइ बन्द इजलास (इन्साफ गर्दाको अवस्थामा न्यायाधीश रहने कोठा) मा गरिनेछ ।
- बन्द इजलासमा कारवाही तथा सुनुवाइ हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरुका कानुन व्यवसायी र अदालतले अनुमति दिएका व्यक्तिमात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन् ।
- यस ऐन अन्तर्गतको मुद्दा सरकारवादी हुनेछ ।

# ५. भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, गुनासो सम्बन्धी व्यवस्था तथा समयसीमा तालिका[२]

५.१ भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ किन बनाइएको हो ?

■ सम्वत् २०७२ वैशाख १२ गते गएको विनाशकारी भूकम्प र तत्पश्चातका पराकम्पको प्रभावबाट क्षतिग्रस्त संरचनाको दीगो, दरिलो र योजनाबद्ध रुपमा यथाशीघ्र निर्माण कार्य सम्पन्न गर्न तथा भूकम्पबाट विस्थापित भएका व्यक्ति र परिवारको पूनर्वास तथा स्थानान्तरण गरी राष्ट्रिय हित प्रवर्द्धन तथा सामाजिक न्याय प्रदान गर्न अधिकार सम्पन्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको स्थापना सम्बन्धमा कानुनी व्यवस्था गर्न यो ऐन बनाइएको हो ।

### ५.२ समन्वय कसले गर्ने?

■ भूकम्पबाट प्रभावित क्षेत्रमा प्राधिकरणबाट भए गरेको काम कारवाहीमा समन्वय गर्न प्रत्येक जिल्लामा एक जिल्ला समन्वय समिति रहनेछ जसमा सम्बन्धित जिल्लाबाट व्यस्थापिका-संसद्मा प्रतिनिधित्व गर्ने संसद् सदस्य, सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी र स्थानीय विकास अधिकारी रहने छन् । यस समितिमा आवश्यकता अनुसार जिल्लास्थित कुनै निकायका पदाधिकारी, महिला तथा समाजसेवीलाई आमन्त्रण गर्न सकिनेछ । जिल्ला समन्वय समितिको संयोजक संसद् सदस्यमध्येबाट नेपाली वर्णानुक्रमको नाम अनुसार प्रत्येक छ महिनामा पालै-पालो गरी हुनेछ ।

### ५३ जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार के हुनेछ ?

■ जिल्लाभित्र प्राधिकरण र अन्य निकायबाट भए गरेको काम कारवाहीमा समन्वय गर्ने,

■ जिल्लाभित्र सञ्चालित आयोजनाको कार्य गर्ने कुनै पनि कार्यालयबाट भए गरेका कार्यको सम्बन्धमा अनुगमन गरी प्राधिकरणलाई प्रतिवेदन दिने,

■ प्राधिकरणबाट भए गरेको काम कारवाहीमा समीक्षा गर्ने,

■ पुननिर्माणको लागि सम्बन्धित जिल्लामा छुट्याईएको रकम नपुग भएमा प्राधिकरण समक्ष माग गर्न लगाउने,

---

२ सबै सुचना तथा जानकारीहरू राष्ट्रिय पुनर्निर्माण प्राधिकरणद्वारा प्रकाशित 'पुनर्निर्माण सम्बन्धी ऐन, नियम, मापदण्ड तथा कार्यविधिहरु' को संगालोमामा आधारित छन् ।

- प्राधिकरणको कामसगँ सम्बन्धित जिल्लास्थित पदाधिकारी वा कर्मचारीले ऐन विपरित काम गरेमा कारवाहीको लागि सिफारिस गर्ने,
- जिल्लाभित्र सञ्चालित पुनर्निमाण सम्बन्धी आयोजनालाई थप प्रभावकारी बनाउनु पर्ने देखिएमा सुधार वा परिमार्जनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,
- तोकिए बमोजिम अन्य कार्य गर्ने ।

## ५.४ कामको पारदर्शीता र प्रभावकारीताको लागि के व्यवस्था गरिएको छ ?

- प्राधिकरणले आफ्नो काम कारवाहीलाई प्रभावकारी र पारदर्शी बनाउन कम्तिमा छ महिनामा एकपटक सार्वजनिक सुनुवाई गर्नेछ ।
- यस ऐनमा उल्लिखित काम कर्तव्य र अधिकारको प्रयोग गर्दा प्राधिकरणले गरेको निर्णय वा आदेश उपर चित्त नबुझ्ने पक्षले पुनरावेदन समिति समक्ष पुनरावेदन गर्न सकिन्छ ।

## ५.५ पुनरावेदन समितिमा को–को रहनेछन् ?

- पुनरावेदनको कारवाही र किनारा गर्न पुनरावेदन समितिमा निम्न व्यक्तिहरु रहनेछन्ः–

  **अध्यक्षः** पुनरावेदन अदालतको बहालवाला न्यायाधीशमध्येबाट न्याय परिषद्को सिफारिशमा नेपाल सरकारले तोकेको न्यायाधीश

  **सदस्यः** पूर्वाधार, इन्जिनियरिङ्, कानुन, अर्थशास्त्र, व्यवस्थापन, आर्थिक वा सामाजिक विकास, पुरातत्व, सार्वजनिक खरिद वा सामाजिक विकासको विषयमा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर गरी सम्बन्धित क्षेत्रमा कम्तिमा पन्ध्र वर्षको कार्य अनुभव भएका व्यक्तिहरु मध्येबाट प्रतिनिधित्व हुने गरी नेपाल सरकारले नियुक्त गरेका दुई जना व्यक्ति

## ५.६ कारवाही र किनारा गर्दा ध्यान पु¥याउनु पर्ने कुराहरु :

- पुनरावेदन समितिले पुनरावेदनको कारवाही र किनारा गर्दा प्रचलित कानुन बमोजिम पुनरावेदन अदालतलाई भए सरहको अधिकारको प्रयोग गर्नेछ,
- पुनरावेदन समितिले संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अवलम्बन गर्नेछ,
- पुनरावेदन समितिले गरेको निर्णय वा आदेश अन्तिम हुनेछ,
- पुनरावेदन समितिको कार्यविधि प्राधिकरण भएको मितिले एक वर्षसम्म रहनेछ । पुनरावेदन समितिले आफूलाई तोकिएको कार्यविधि भित्र समाधान गर्न बाँकी रहेका

पुनरावेदन र सोसँग सम्बन्धित मिसिल प्राधिकरणको केन्द्रीय कार्यालय रहेका स्थानको क्षेत्राधिकार भएको पुनरावेदन अदालतमा सर्नेछ ।

## ५.७ "लाभग्राही" भन्नाले कसलाई बुझाउँछ र लाभग्राहीको छनौट गर्न के-कस्ता मापदण्ड अपनाएको छ ?

- "लाभग्राही" भन्नाले सम्वत् २०७२ साल वैशाख १२ को विनाशकारी भूकम्प र त्यसपछिका परकम्पहरुबाट क्षतिग्रस्त तथा पुनर्निर्माण अनुदान वितरण बमोजिम पहिचान गरिएको निजी घरका घरधनी र सोही स्थान वा अन्यत्र बसोवास योग्य अर्को घर नभएको व्यक्ति वा परिवारलाई बुझाउँछ ।
- लाभग्राहीको छनौट मापदण्ड निम्न प्रकारले गरिएको छ :

- (१) केन्द्रीय तथ्यांक विभागद्वारा संचालित ''भूकम्प प्रभावित आवास पुनर्निर्माण लगत संकलन कार्यक्रम'' अन्तर्गत संलकन गरिएको तथ्यांक विश्लेषण गर्दा क्षतिको तह (ग्रेड) तीन, चार र पाँचमा सूचीकृत भएका घरधनीहरु ।
- (२) बुँदा नम्बर १ मा समावेश भएका घरधनीहरु मध्ये निम्न अवस्थामा निम्नानुसार अनुदान सहयोग उपलब्ध गराइनेछ ।
    - २०७२ साल वैशाख १२ गते अगावै सम्बन्धित जिल्ला मालपोत कार्यालयमा अंशबण्डा पास गरेका घर परिवारलाई छुट्टै घर परिवारमा गणना गरी अनुदान रकम उपलब्ध गराइनेछ । तर अंशबण्डा कागज अड्डाबाट पारित नगरेको भएतापनि २०७२ वैशाख १२ गते अगावै मानो छुट्टीई छुट्टै घर बनाई बसेको रहेछ र केन्द्रीय तथ्यांक विभागद्वारा भूकम्प प्रभावित लगत संकलन कार्यक्रम अन्तर्गत संकलन गरिएको तथ्यांकमा परेको र छुट्टी भिन्न भई अलग- अलग घर बनाई बसोबास गरेको अवस्थामा स्थानीय गा.वि.स./न.पा. का प्रमुख वा निजले तोकेको कर्मचारीको रोहबरमा हुने सरजमिनको आधारमा पुष्टि भएमा त्यस्तो भूकम्प प्रभावित घरधनीलाई समेत छुट्टै घर परिवारमा गणना गरी अनुदान उपलब्ध गराउने ।
    - एकाघर परिवारको सदस्यको नाममा घर जग्गा भएको, तर घर जग्गाको स्वामित्व भएको परिवारको सदस्य विदेशमा भएको अवस्थामा घर बनाउनका लागि एकाघर परिवारको नाता प्रमाणित भएका हकवाला व्यक्तिलाई तोकिए बमोजिमको अनुदान रकम उपलब्ध गराउने ।
    - कुनै ठाउँमा जग्गा नापी नै नभएको, तर बस्ती बसेको अवस्थामा त्यस्ता बस्तीका घरहरुलाई अनुदान रकम उपलब्ध गराउने सम्बन्धमा त्यस्तो बसोबास भएको जग्गा व्यक्तिगत भए नापी गरी-गराई सम्बन्धित व्यक्तिको

नाममा जग्गाधनी प्रमाणपूर्जा प्राप्त गरेपछि तोकिए बमोजिमको अनुदान रकम उपलब्ध गराउने ।

- भूकम्पबाट क्षतिग्रस्त आवास भएकै स्थानमा वा सीमाना जोडिएको छिमेकी गाउँपालिका वा भूकम्प प्रभावित सोही जिल्लाको अन्य सहज हुने उपयुक्त स्थानमा आवास निर्माण गर्ने भएमा उल्लिखित अनुदान रकम उपलब्ध गराउन सकिने ।
- जग्गाधनीको मृत्यु भई हकवालाहरुमा नामसारी हुन बाँकी भएको अवस्थामा मृतकको हकवालाले मृत्यु दर्ता प्रमाणपत्र सहित निवेदन दिएमा सबै हकवालाहरुको संयुक्त वा निजहरुको मञ्जुरीमा हकवालामध्ये एक जनाको नाममा अनुदान दिन सकिने ।
- केन्द्रीय तथ्यांक विभागद्वारा संकलित भूकम्प प्रभावित लगत संकलन कार्यक्रम अन्तर्गत संकलन गरिएको तथ्यांकमा समावेश भएको तर अनुदान सम्झौता हुन अगावै घरधनी स्वंयले घर निर्माण कार्य प्रारम्भ गरिसकेका घरधनी लाभग्राहीको हकमा निर्मित वा निर्माणधीन उक्त घर तोकिएका प्राविधिकहरुले चेकजाँच गर्दा भूकम्प प्रतिरोधी भएमा तोकिएबमोजिम छुट्टै अभिलेख राखी अनुदान उपलब्ध गराउन सकिने ।

### ५.८ लाभग्राहीहरुले आफ्नो पहिचानका लागि कस्ता दस्तावेजहरु संलग्न गर्ने ?

- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि वा सर्जमिन मुचुल्का र केन्द्रीय तथ्याङ्क विभागबाट भूकम्प प्रभावित आवास पुनर्निर्माण लगत संकलन कार्यक्रम अर्न्तगत तथ्याङ्क संकलनको क्रममा दिइएको निस्सा कागज हुनु पर्नेछ ।

### ५.९ गुनासो दर्ता कहाँ गर्ने र कुन माध्यमद्वारा गर्ने ?

- भूकम्पबाट प्रभावित ३९ जिल्लाका व्यक्तिहरुले प्राधिकरणको पुनर्निर्माण सम्बन्धी काममा चित्त नबुझेमा स्थानीय तहको गाउँपालिका/नगरपालिका तथा वडा कार्यालयहरुमा र प्राधिकरणका जिल्ला एवं केन्द्रीय निकायहरुमा विद्युतीय वा निवेदन मार्फत गुनासो दर्ता गर्न सक्नेछन् ।

### ५.१० गुनासो दर्ता गराउने सम्बन्धी व्यवस्थाः

- भूकम्पबाट प्रभावित निजी घरका घरधनीहरुले निजी आवास पुनर्निर्माणसँग सम्बन्धित तोकिएको फारम भरी गुनासो दर्ता गराउन सक्नेछन् ।

- कार्यालयमा प्राप्त गुनासोहरु छुट्टै रजिष्टरमा दर्ता गरी, गुनासो दर्ता कागजात सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

**५.११ गुनासो दर्ता गर्दा संलग्न गर्नुपर्ने कागजातहरु :**

- सर्वेक्षण कागजात,
- लाभग्राहीको सूचीमा नाम समावेश भएको सो सम्बन्धी विवरण,
- सर्वेक्षण छुटेको तथा अन्य गुनासोको हकमा निवेदन मात्र दिए पुग्ने ।

**५.१२ गुनासो व्यवस्थापन प्रक्रिया :**

- गुनासो दर्ता गर्ने प्रत्येक कार्यालयले प्राप्त गुनासो व्यवस्थापनका लागि सम्बन्धित समितिमा पठाउने छ ।
- समितिले गुनासो व्यवस्थापन गरी आफै निर्णय गर्ने र नसकिने भए कारण सहित गुनासो दर्ता भएको पन्ध्र दिनभित्र सम्बन्धीत गुनासो व्यवस्थापन समितिमा पठाउनु पर्नेछ ।
- यसरी गुनासो सम्बन्धित समितिमा पठाईएकोमा सोही व्यहोरा खोली सो को जानकारी गुनासोकर्तालाई दिनु पर्नेछ ।

**५.१३ अनुदान सम्झौता र वित्तीय प्रबन्धः**

''(१) शर्त सहितको अनुदान सम्झौता पत्रको आधारमा प्राधिकरणले तोकेको निकाय वा स्थानीय तहबाट प्रक्रिया पूरा भएपछि लाभग्राहीलाई अनुदान रकम वितरण गरिनेछ ।''

- प्राधिकरणले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सम्बद्ध आयोजना कार्यान्वयन इकाईमार्फत् सम्बद्ध जिल्ला आयोजना कार्यान्वयन इकाईलाई आवश्यकता अनुसार अनुदानको रकम निकाशा गर्नेछ ।
- सम्बद्ध जिल्ला आयोजना कार्यान्वयन इकाईले लाभग्राहीहरूको सूची सम्बन्धित बैँक तथा स्थानीय तहलाई उपलब्ध गराउनेछ । सम्बन्धित स्थानीय तहले सूचीकृत लाभग्राहीसँग अनुदान सम्झौता गर्नेछ । सोही आधारमा सम्बन्धित बैँकले सम्बन्धित लाभग्राहीको खातामा रकम उपलब्ध गराउनेछ ।
- ''लाभग्राहीलाई अनुदान उपलब्ध गराउँदा लाभग्राहीमा परेका घरधनीको हकमा प्राधिकरणले तोकेको प्रक्रिया अनुसार लाभग्राही पहिचान गरी प्राधिकरणले तोकेबमोजिम सम्झौता गरी पहिलो किस्ता वापत पचास हजार रूपैँया, दोश्रो किस्ता वापत एक लाख पचास हजार रूपैँया र अन्तिम किस्ता वापत शौचालय वा वैकल्पिक उर्जा समेत एक लाख सहित जम्मा तीन लाख रूपैँया अनुदान उपलब्ध गराइने छ । प्रवलीकरण वर्गमा पर्ने लाभग्राही घरधनीका हकमा प्राधिकरणले

तोकेको प्रक्रिया अनुसार प्राधिकरणले तोकेबमोजिम सम्झौता गरी प्रवलीकरणका लागि पहिलो किस्ता वापत पचास हजार रूपैया र अन्तिम किस्ता वापत पचास हजार रूपैँया अनुदान उपलब्ध गराईनेछ । ”

- कुनै लाभग्राहीले तीन लाख रूपैँया अनुदान रकमभन्दा बढी लागतको निजी आवास पुनर्निमार्ण गरेमा वा एकलाख रूपैयाभन्दा बढी रकम खर्च गरी निजी आवास प्रवलीकरण गरेमा निजले पाएको अनुदान रकमभन्दा जति बढी रकम खर्च गरेपनि त्यसरी बढी खर्च गरेको रकम लाभग्राही स्वयंले ब्यहोर्नु पर्नेछ ।
- निजी आवास पुर्ननिर्माण एवं प्रवलीकरणका लागि उपलब्ध गराइएको अनुदान र कमभन्दा बढी रकम खर्च गरी निजी आवास पुर्ननिर्माण प्रवलीकरण वा मर्मत संभार गर्न चाहने लाभग्राहीले निर्माणाधीन घर धितो राखी सामूहिक जमानीमा नेपाल सरकारले निर्णय गरे अनुसारको निर्ब्याजी कर्जा रकम नेपाल राष्ट्र बैँकले तर्जुमा गरेको कार्यविधिका आधारमा बैँकमार्फत प्राप्त गर्न सक्नेछन ।
- कर्जा लिन नचाहने भूकम्प पीडित परिवारले बैँक तथा वित्तिय संस्थाबाट ऋण लिन चाहेमा नेपाल राष्ट्र बैङ्कले तर्जुमा गरेको कार्यविधिका आधारमा नेपाल सरकारले निर्णय गरे अनुसारको रकम सहुलियत ब्याज दरमा भूकम्प पीडित विशेष आवास कर्जा स्वरुप प्राप्त गर्न सक्नेछन् ।
- लाभग्राहीले निर्माणाधीन घर धितोमा राखी नेपाल राष्ट्र बैँकमार्फत प्राप्त हुने सामूहिक जमानीको निर्ब्याजी कर्जा एवं सहुलियत दरको विशेष आवास कर्जा प्राप्त गर्दा, निजी आवास पुनर्निर्माण गरेको सुनिश्चित गर्नु पर्नेछ ।
- लाभग्राहीले सरकारबाट उपलब्ध हुने सहायताको सम्पूर्ण रकम निजी आवास निर्माणको कार्यमा मात्र खर्च गर्नु पर्नेछ ।
- सम्झौतापत्र तथा खर्च विवरण सम्बन्धी अभिलेख सम्बन्धित आयोजना कार्यान्वयन इकाईहरूले राख्नु पर्नेछ र सोको अभिलेख सम्बन्धित स्थानीय तह, सम्बद्ध केन्द्रीय आयोजना कार्यान्वयन इकाई तथा प्राधिकरणमा आवधिक रूपमा पठाउनु पर्नेछ ।

### ५.१४ निजी आवास अनुदान वितरण एवं पुनर्निर्माण समयसीमा तालिकाः

- प्राधिकरणले निर्धारण गरेको तालिका अनुसार लाभग्राहीले, २०७५ असार मसान्तभित्र निजी आवास पुनर्निर्माण सम्बन्धी सम्पूर्ण अनुदान लिई सक्नु पर्नेछ ।
- यसैगरी २०७४ पुस मसान्तभित्र दोस्रो किस्ता प्राप्त गर्ने घरधनीले २०७५ जेठ मसान्तभित्र तेस्रो किस्ताको अनुदान लिईसक्नु पर्नेछ भने २०७४ चैत्र मसान्तभित्र दास्रो किस्ता प्राप्त गर्ने निजी घरधनीले २०७५ असार मसान्तसम्म अन्तिम अर्थात तेस्रो किस्ता लिई सक्नु पर्नेछ ।

# टिपोट

# टिपोट

# टिपोट